आज मिति २०७८ साल जेठ १६ गते कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्रपाणी पाण्डेज्यूको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| प्र.जि.अ. | श्री चक्रपाणी पाण्डे |
| जि.स.अ. | श्री भूमिराम पोखरेल |
| प्र.से. | श्री तुरेन्द्र आङदम्बे |
| प्र.उ. | श्री नवराज अधिकारी |
| स.प्र.उ. | श्री ध्रुव बहादुर कार्की |
| उप.अ.नि. | श्री योगेन्द्र के.सी. |
| मे.सु. | डा. श्री किशोर बन्जाडे |
| स्वास्थ्य कार्यालय प्रमुख | श्री हेमराज पाण्डे |

आमन्त्रित :

जि.स.स.प्रमुख श्री नारायण खनाल, जिल्ला समन्वय समिति, कपिलवस्तु ।

प्रमुख श्री किरण सिंह, कपिलवस्तु नगरपालिका, कपिलवस्तु ।

प्रमुख श्री नेत्रराज अधिकारी, शिवराज नगरपालिका, कपिलवस्तु ।

अध्यक्ष श्री बजरंगी प्रसाद कुर्मी, मायादेवी गाउँपालिका, कपिलवस्तु ।

स.प्र.जि.अ. श्री गणेश नेपाली, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु ।

कार्यालय प्रमुख डा. रविन्द्रनाथ चौबे, कृषि ज्ञान केन्द्र, कपिलवस्तु ।

कार्यालय प्रमुख श्री हेमराज पाण्डे, स्वास्थ्य कार्यालय, कपिलवस्तु ।

कार्यालय प्रमुख श्री कालीदास बस्याल, घरेलु तथा साना उद्योग कार्यालय,कपिलवस्तु ।

कार्यालय प्रमुख श्री शिव शंकर मिश्र, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कपिलवस्तु ।

अध्यक्ष श्री किरणमान बज्राचार्य, नेपाल पत्रकार महासंघ, कपिलवस्तु ।

अध्यक्ष श्री गयाद्धिन कुर्मी, उद्योग वाणिज्य संघ, तौलिहवा ।

हे.अ. श्री उमेश चन्द्र घिमिरे स्वा.कार्यालय

ई.प्र.अ. बृजमोहन चौधरी क.वा.कु.क.वि.

स्वास्थ्य अधिकृत चिन्तामणि ज्ञवाली स्वा.का.

जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

निर्णयहरु:-

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वियन अवस्था बारे समीक्षा गरियो । कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा मिति २०७८।०२।१६ गते सम्म एन्टीजेन (२०२१) तथा PCR (२९३२) टेष्ट गरी जम्मा ४९५३ जनालाई गरिएको र हाल सम्म २९३२ जम्मा संक्रमित पाइएकोमा १७३९ निको भएको, १४७ मृत्यु भएको र अहिले १०४६ जना संक्रमित रहेको देखिन्छ । कपिलवस्तु अस्पतालमा २२६ जना संक्रमितको उपचार भएकोमा १३२ जना निको भएको, ६९ मृत्यु भएको र २५ जना उपचार भईरहेको अवस्था छ । त्यसै गरी यस जिल्ला भित्रका पालिकामा देहाय बमोजिम Antigen/PCR टेष्ट गरेको देखिन्छ ।

| क्र.सं. | स्थानीय तह | एन्टीजेन टेष्ट संख्या | PCR टेष्ट संख्या | संक्रमित संख्या |
|---|---|---|---|---|
| १ | कपिलवस्तु अस्पताल र नगरपालिका | ८० | १३५३ | ६८३ |
| २ | बाणगंगा नगरपालिका | ९९ | ७२० | ४६९ |
| ३ | बुद्धभूमि नगरपालिका | २१६ | २७२ | २२० |
| ४ | शिवराज नगरपालिका | ५४ | ४७१ | २१२ |
| ५ | कृष्णनगर नगरपालिका | ५४ | - | ३ |
| ६ | महाराजगंज नगरपालिका | ५४ | - | १० |
| ७ | यशोधरा गाउँपालिका | १५९ | - | ४५ |
| ८ | मायादेवी गाउँपालिका | १११ | ११६ | ५७ |
| ९ | शुद्धोधन गाउँपालिका | ५० | - | १० |
| १० | विजयनगर गाउँपालिका | ५५ | - | ३ |

माथि देखिएको विवरण अनुसार केही पालिकाहरुमा टेष्ट कम देखिएकोले वडा कार्यालयहरु तथा स्वास्थ्य संस्था /स्वास्थ्य स्वयंमसेविका,शिक्षक, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु मार्फत व्यापक रुपमा टेष्टको दायरा बढाउन अनुरोध गर्ने ।

२. यस जिल्लामा जारी भएको निषेधाज्ञाको अवधि मिति २०७८।०२।१७ गते राती १२:०० बजे सकिने हुँदा थप कडाईका साथ लागू हुने गरी मिति २०७८।०२। २४ गते सोमबार राती १२: ०० बजे सम्म थप गर्न सिफारिस गर्ने ।

३. निषेधाज्ञाका कारण दैनिक जीविकोपार्जनमा समस्या भएका मजदुर, गरिबका लागि राहत उपलब्ध गराउनु पर्ने भएमा सम्वन्धित पालिकाले पहिचान गरी आवश्यक सहयोग पुर्याउन अनुरोध गर्ने । राहत उपलब्ध गराउनु पर्ने व्यक्ति / परिवार पहिचान गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गराउने ।

४. पालिकाहरुले बजेट तथा कार्यक्रम निर्माण गर्दा कोभिड १९ संक्रमण जस्ता रोगको रोकथाम, नियन्त्रण तथा उपचार र सचेतनाका लागि आवश्यक पर्ने बजेट तथा कार्यक्रम विनियोजन गर्न अनुरोध गर्ने ।

५. लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १८७३ मिति २०७८।०२।१४ को पत्रको विषयमा बैठकमा जानकारी गराइयो ।

६. निषेधाज्ञाको पालनामा अझ कडाई गर्न सबै स्थानीय तहहरु, नागरिक समाज, संघसंस्था,संचार माध्यमहरुले प्रचार प्रसार गर्ने ।

५५।०२५५
२०७८।२।१६